# गैरआवासीय नेपाली संघ

# अनुशासन समितिको कार्यव्यवस्था सम्बन्धी नियमावली, २०१९

**प्रस्तावना:**

गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्का पदाधिकारीहरु, सदस्यहरु, विभिन्न मुलुकहरुमा रहेका राष्ट्रिय समन्वय परिषद्का पदाधिकारीहरु एवं सदस्यहरु एवं संघसंग आवद्ध अन्य व्यक्तिहरुलाई गैरआवासीय नेपाली संघको विधान, नियमावली, विनियमावली, कार्यविधि, आचारसंहिताको पालना गर्न गराउन, पदाधिकारीहरु तथा सदस्यहरुको मर्यादा बढाउन वाञ्छनिय भएकोले गैरआवासीय नेपाली संघको विधान २००३ (२०१७ संशोधन सहित) को परिच्छेद ९ को दफा ३० बमोजिम गठित हुने अनुशासन समितिले कार्य व्यवस्था गर्न अन्तर्राष्ट्रिय समन्वय परिषद्ले गैरआवासीय नेपाली संघको विधान २००३ (२०१७ संशोधन सहित) को दफा १७.६ को दिएको अधिकार प्रयोग गरी यो नियमावली बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ:**

यस नियमावलीको नाम "**गैर आवासीय नेपाली संघ अनुशासन समितिको कार्यव्यवस्था सम्बन्धी नियमावली, २०१९"** रहने छ । यस नियमावली अन्तर्राष्ट्रिय समन्वय परिषद्ले तोकेको दिन देखि लागु हुनेछ ।

**२. परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमाः

(क) संघ भन्ना ले गैरआवासीय नेपाली संघलाई जनाउनेछ ।

(ख) विधान भन्नाले गैरआवासीय नेपाली संघको विधान २००३ (२०१७ संशोधन सहित) लाई जनाउने छ ।

(ग) समिति भन्नाले अनुशासन समितिलाई जनाउनेछ ।

(घ) सभापति भन्नाले अनुशासन समितिको सभापतिलाई जनाउनेछ ।

(ङ) प्रमुख संरक्षक भन्नाले संघको प्रमुख संरक्षकलाई जनाउनेछ ।

(च) सचिवालय भन्नाले संघको कार्यालयलाई जनाउनेछ ।

(छ) परिषद् भन्नाले अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई जनाउनेछ ।

(ज) पदाधिकारी भन्नाले अध्यक्ष, उपाध्यक्षहरु, महासचि व, सचि वहरु, कोषाध्यक्ष, सहकोषाध्यक्ष, प्रवक्ता, महिला संयोजक, युवा संयोजक, क्षेत्रिय संयोजकहरु, क्षेत्रिय उपसंयोजकहरु, क्षेत्रिय महिला संयोजकहरु र क्षेत्रिय युवा संयोजकहरुलाई सम्झनु पर्दछ ।

(झ) सदस्य भन्नाले अन्तर्राष्ट्रिय समन्वय परिषदमा आबद्ध सदस्यहरुलाई सम्झनु पर्दछ

**३. समितिको गठन**:

३.१ संघको विधानको दफा ३० अनुसार अन्तर्राष्ट्रिय समन्वय परिषद्ले एक अनुशासन समितिको गठन गर्नेछ ।

३.२ समितिमा एक सभापति सहित ७ जना सदस्यहरु रहने छन् । सभापति र सदस्यहरुको चयन अन्तर्राष्ट्रिय समन्वय परिषद्ले गर्नेछ । सभापतिले सदस्य मध्ये एक जनालाई समितिको सदस्य सचिवमा नियुक्त गर्न सक्ने छन् ।

३.३ समितिको सभापति वा सदस्यले समितिबाट राजिनामा दिएमा, निजहरुको मृत्यु भएमा वा निजहरु नै खराव आचरणको ठहर भई समितिमा सभापति वा सदस्यको पद रिक्त भएमा उक्त रिक्त पदहरुमा सभापित वा सदस्य अन्तर्राष्ट्रिय समन्वय परिषद्ले तोक्नेछ ।

**४. समितिको काम, कर्तव्य र अधिकारः**

विधानको दफा ३० मा उल्लेख भएका काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

४.१ पदाधिकारी वा सदस्य विरूद्ध परिषदमा कुनै उजूरी परेको वा खराव आचरणका सम्बन्धमा कुनै जानकारी प्राप्त भएकोमा त्यसको आधारमा समितिले पदाधिकारी वा सदस्यलाई कारबाही गर्न आवश्यक छ वा छैन् अनुसन्धान गर्न गराउन सक्नेछ ।

४.२ उपनियम (४.१) बमोजिम अनुसन्धान गर्दा कुनै पदाधिकारी वा सदस्य उपर कारबाही गर्नुपर्ने देखिएमा अनुशासन समितिले त्यस्तो पदाधिकारी वा सदस्यलाई ३० दिन भित्र सफाई पेश गर्ने उचित मौका दिनुपर्छ ।

४.३ उपनियम (४.२) बमोजिम सफाई पेश गर्ने मौका दिदा सम्बन्धित पदाधिकारी वा सदस्य बिरूद्ध लागेको आरोप र त्यसको आधार तथा निजलाई हुन सक्ने सजाय समेत उल्लेख गर्नुपर्छ ।

४.४ समितिले पदाधिकारी तथा सदस्यको अनुशासन सम्बन्धी आचार संहिता बनाई परिषद्मा पेश गर्न सक्नेछ ।

४.५ पदाधिकारी तथा सदस्यहरुले खराव आचरण गरेको देखिएमा पदाधिकारी वा सदस्यलाई कारवाहीको लागि अन्तर्राष्ट्रिय समन्वय परिषद्मा सिफारिस गर्नेछ ।

**५. बैठक**:

५.१ समितिलाई कुनै व्यक्ति मार्फत वा सचिवालय मार्फत उजुरी प्राप्त भएको मितिबाट ३० दिन भित्र सभापतिले अनिवार्य रुपमा समितिको बैठक आह्वान गर्नु पर्नेछ ।

५.२ सदस्यहरुको संख्याको कम्तिमा ५१ (एकाउन्न) प्रतिशत सदस्यहरु उपस्थित नभई समितिको बैठक हुनेछैन ।

**६. बैठकको निर्णय**:

सामान्यतया बैठकको निर्णय सहमतिमा गरिनेछ । कारणबस सहमति हुन नसकेमा निम्न बमोजिमको प्रकृया अपनाइने छ:

६.१ कार्यविधि सम्बन्धमा उपस्थित समितिको सदस्यहरुको सामान्य बहुमतले छनोट गर्नेछ ।

६.२ सभापतिले समितिको निर्णय आवश्यक पर्ने समय भन्दा ढिलो नगरिकन सामान्य बहुमतबाट पारीत भएमा सो निर्णयको कार्यान्वयनको लागि अन्तर्राष्ट्रिय समन्वय परिषद्का अध्यक्ष समक्ष स्वीकृतिको लागि पेश गर्नेछ ।

६.३ यदि समितिमा अन्तर्राष्ट्रिय समन्वय परिषद्का अध्यक्ष माथि नै उजुरी पर्न आएमा र निर्णय गर्नु पर्ने भएमा सो निर्णय माथि स्वीकृती दिने व्यक्ति संघको प्रमुख संरक्षक हुनेछ ।

**७. अनुसन्धानः**

समितिले कुनै पनि उजुरी सम्बन्धमा थप छानविन गर्न पर्ने देखिएमा सभापति स्वंयले, कुनै विज्ञ अथवा समितिका कुनै सदस्यलाई अनुसन्धान अधिकृत तोक्न सक्नेछ । त्यस्तो

अनुसन्धानको प्रतिवेदन प्राप्त भएपछि समितिले यस नियमावलीको नियम १० बमोजिम प्रकृया अगाडी बढाउने छ ।

## ८. गोप्यता कायम:

समितिमा परेको उजुरी, त्यस सम्बन्धि निर्णय लगायत अन्य कार्यहरुमा प्रकृयागत रुपमा टुङ्गो नलागे सम्म सबै कार्यहरु गोप्य रहने छ । उजुरीको निर्णय नभए सम्म उजुरीको बारेमा कुनै पनि टिप्पणी र छलफल सार्वजनिक रुपमा गरिने छैन् ।

## ९. बैठक सम्बन्धी प्रकृया:

९.१ यस नियमावलीमा नपरेका कुराहरु गैरआवासीय नेपाली संघको विधान, अन्य नियमावली तथा आचार संहिताको आधारमा समितिले निर्णय गरे बमोजिम हुनेछ ।

९.२ समितिका कुनै सदस्यहरुको पद रिक्त भएमा बाँकी अवधिको लागि रिक्त पदमा अन्तर्राष्ट्रिय समन्वय परिषद्ले मनोनयन गर्नेछ ।

९.३ समितिको बैठकको अध्यक्षता सभापतिले गर्नेछ । सभापतिको अनुपस्थितिमा ज्येष्ठताको आधारमा सदस्यहरु मध्येबाट सभापतिको चयन गरिनेछ ।

९.४ समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिने छ ।

९.५ समितिको एउटा निर्णय पुस्तिका अथवा विद्युतिय पुस्तिका हुनेछ । जसको प्रमाणित सभापति र सदस्य सचिवले गर्नुपर्नेछ ।

९.६ समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुने छ ।

९.७ समितिको राय, प्रतिवेदन र निर्णय कम्प्युटरको वर्ड फायलमा लेखिनेछ । उक्त फायलको प्रतिलिपि ईमेल अथवा हुलाक मार्फत जानकारी गराइनेछ । जानकारी गराउँदा उजुरी सम्बन्धी गोप्यता कायम रहनु पर्नेछ । समितिको कुनै पनि सदस्यले वा सम्बन्धित व्यक्तिहरुले गोप्यता भंग गर्न पाउने छैन् ।

## १०. उजुरी सम्बन्धमा देहायको कार्य प्रणाली अपनाइने छ:

१०.१ उजुरीकर्ताले समितिको सभापति वा सदस्यहरुलाई इमेल मार्फत वा आफूलाई सजिलो लाग्ने उपयुक्त माध्यमबाट उजुरी दर्ता गर्न गराउन सक्ने छ । उजुरीकर्ताले आफ्नो नाम, ठेगाना, परिचय संलग्न गर्नु पर्नेछ ।

१०.२ उजुरकर्ताले उजुरी गर्दा ठोस प्रमाणहरु पेश गर्नुपर्नेछ । आवश्यक परेमा उजुरकर्तासँग समितिले थप अनुसन्धानका निम्ति कुनै कुरा बुझ्न, पेश गर्न गराउन एवं प्रमाणित गर्न लगाउन सक्नेछ ।

१०.३ उजुरी परेको एक हप्ता भित्र समितिका सभापतिले अन्य सदस्यहरुलाई उजुरीको प्रतिलिपि संलग्न गरी जानकारी पठाउनु पर्नेछ ।

१०.४ उजुरकर्ताले गरेको उजुरी उपर समितिले सो उजुरी सान्दर्भिक, जायज वा उपयुक्त छ, छैन, त्यसले संघको छविमा आँच आउने हो, होइन आदिमा पुनरविचार गरी कारवाही अघि बढाउने वा नबढाउने निर्णय गर्न सक्नेछ ।

१०.५ म्याद सूचना जारी गर्दा इलेक्ट्रोनिक सञ्चार माध्यम ईमेल, फ्याक्स वा अन्य छिटो हुने उपयुक्त साधनको प्रयोग सुरक्षित रुपमा गर्न सकिनेछ ।

१०.६ समितिमा पर्न आएको उजुरी सम्बन्धमा सम्बन्धित व्यक्ति, संस्था तथा आवश्यक निकायसँग समितिले यथार्थ बस्तु स्थिति बुझ्न सक्नेछ ।

१०.७ उजुरी परेको व्यक्ति वा संस्था स्वयंले अथवा आधिकारिक प्रतिनिधि मार्फत समिति समक्ष आफ्नो प्रतिवाद प्रमाण सहित पेश गर्न सक्नेछ ।

१०.८ उजुरकर्ता र उजुरी परेको व्यक्तिको बयानको सुनवाई समितिले तोके बमोजिम हुनेछ र समितिले माध्यम तोक्दा सबै पक्षलाई सहज रुपमा पहुँच हुनसक्ने माध्यम तोक्न सक्नेछ ।

१०.९ सुनुवाई हुने दिन सभापतिको निर्देशन अनुसार सदस्य सचिवले तोक्नेछ ।

१०.१० सुनुवाई हुने दिनका सम्वन्धमा समितिका सदस्यहरुलाई ७ (सात) दिन अगावै ईमेल मार्फत जानकारी गराईनेछ ।

१०.११ सुनुवाई सकिए पछि समितिले ठोस राय सहितको निर्णय गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्का अध्यक्ष समक्ष हस्ताक्षरका लागि पठाउनु पर्नेछ ।

१०.१२ समितिले पठाएको राय प्राप्त भएको १५ दिन भित्र परिषद्को अध्यक्षले निर्णय माथि स्वीकृति प्रदान गर्न सक्नेछ वा पुर्नविचारको लागि एक पटक सम्म समितिमा फिर्ता पठाउन सक्नेछ ।

१०.१३ उजुरीकर्ताले पदाधिकारी वा सदस्य भएमा उजुरीकर्ताले बदनियत पूर्वक उजूरी गरेको ठहर भएमा निजलाई मुद्दाको प्रकृति अनुसन्धानमा लागेको आर्थिक खर्चको क्षतिपूर्ति गर्ने वा निलम्वन र निष्कासन समेत गर्न सक्नेछ ।

१०.१४ अनुशासन समितिले गरेको निर्णय अन्तिम हुनेछ । सो निर्णय सम्बन्धी जानकारी सरोकारवालालाई सभापति वा सदस्य मार्फत यथाशीघ्र गराईनेछ ।

**११. कार्वाही सम्बन्धी व्यवस्था:**

समितिले दोषीलाई केही समयको लागि निलम्वन र निष्कासन वा राजिनामा दिन लगाईनेछ । सोको स्वीकृतिका लागि अन्तर्राष्ट्रिय समन्वय परिषद्का अध्यक्ष समक्ष पेश गर्नुपर्नेछ । अन्तर्राष्ट्रिय समन्वय परिषद्का अध्यक्षको निर्णय पश्चात् कार्वाही लागु हुनेछ ।

**१२. समितिको समयावधिः**

नयाँ निर्वाचित अन्तर्राष्ट्रिय समन्वय परिषद्ले नयाँ समिति निर्माण गरे पछी समितिको समयावधि स्वतः सकिनेछ । अन्तर्राष्ट्रिय समन्वय परिषद्ले आफ्नो नयाँ कार्यकाल शुरु गरेको एक महिना भित्रमा विधानको दफा ३० अनुसार एक अनुशासन समिति गठन गर्नुपर्नेछ ।

**१३. बाधा अड्काउ फुकाउः**

यस विनियमावली अनुसार कार्य गर्दा कुनै बाधा, अड्काउ पर्न आएमा समितिको अनुरोधमा त्यस्तो बाधा अड्काउ अन्तर्राष्ट्रिय समन्वय परिषद्ले फुकाउन सक्नेछ ।

**१४. यसै नियमावली बमोजिम हुनेः**

यस नियमावलीमा लेखिएका कुराहरुको हकमा यसै नियमावली बमोजिम हुनेछ ।

**१५. खारेजीः**

१५.१ गैरआवासीय नेपाली संघ अनुशासन समितिको कार्यव्यवस्था सम्बन्धी विनियमावली, २०११ खारेज गरिएको छ ।

१५.२ गैरआवासीय नेपाली संघ अनुशासन समितिको कार्यव्यवस्था सम्बन्धी विनियमावली, २०११ बमोजिम भए गरेका काम कारबाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ